# बकैया गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

हात्तीसुँडे, मकवानपुर
बागमति प्रदेश, नेपाल

पत्र संख्याः २०७९/०८०

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मितिः २०७९/०५/०१)*

बकैया गाउँ कार्यपालिकाको मिति २०७९/०४/२० गतेको निर्णयानुसार यस गाउँ कार्यपालिकाको कार्यालयमा तपसिल अनुसारको पदमा सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएको हुँदा योग्यता पुगेको इच्छुक उम्मेदवारहरुबाट सूचना प्रकाशन भएको मितले १५(पन्ध्र) दिन भित्र कार्यालय समयमा रितपूर्वक फारम भरि दरखास्त पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

<u>तपसिल</u>

| क्र.सं. | पद | विज्ञापन नं. | माग पद संख्या | पारिश्रमिक तथा सेवा सुविधा (मासिक रु.) | दरखास्त दस्तुर(रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मनोसामाजिक परामर्शकर्ता | ०१/०७९/०८० | १ | नियमानुसार | ५००।- | |
| २ | वित्तीय साक्षरता सहजकर्ता | ०२/०७९/०८० | १ | नियमानुसार | ५००/- | |
| २ | रिटर्नी स्वयंसेवक | ०३/०७९/०८० | ३ | नियमानुसार | ३००।- | |
| ३ | हलुका सवारी चालक | ०४/०७९/०८० | १ | नियमानुसार | ३००।- | |
| ४ | कार्यालय सहयोगी | ०५/०७९/०८० | २ | नियमानुसार | ३००/- | |

१) **शर्तः-** नेपाली नागरिक भएको तथा प्रचलित कानूनद्वारा अयोग्य नठहरिएको हुनु पर्नेछ।

२) **दरखास्तको साथ पेश गर्नु पर्ने कागजातः-** आवश्यक शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, सवारी चालक अनुमति पत्रको प्रतिलिपि, नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा कानून बमोजिमका अन्य कागजातहरु।

३) **आवश्यक न्यूनतम् शैक्षिक योग्यताः-**

**मनोसामाजिक परामर्शकर्ताको लागि :-** कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तीर्ण गरी मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम लिई सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको वा मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसिएल वर्कमा स्नातक तह, बि.एड.स्वास्थ्य शिक्षा, पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको तथा मनोसामाजिक परामर्श सम्बन्धी तालिम प्राप्त गरी सोही क्षेत्रमा अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ।

महेश श्रेष्ठ
प्रमुख प्रशासकीय अ...

नोटः थप जानकारीको लागि प्रशासन शाखा प्रमुख मिलन दुलाल को सम्पर्क नं. ९८५५०७३५३३ मा सम्पर्क गर्नुहुन।

Scanned with CamScanner

# बकैया गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हात्तीसुँडे, मकवानपुर
बागमति प्रदेश, नेपाल

वित्तीय साक्षरता सहजकर्ताको लागि:- न्यूनतम् प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तीर्ण, प्रौढ शिक्षा वा वयस्क साक्षरता वा अध्यापनमा २ वर्षको अनुभव भएको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता।

रिटर्नी स्वयंसेवकको लागि :- न्यूनतम् कक्षा १० पास गरी वैदेशिक रोजगार (खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको। साथै बकैया गाउँपालिका वडा नं २,३ र ७ को बासिन्दाहरुलाई विशेष ग्राह्यता दिइनेछ।

हलुका सवारी चालकको लागि:- साधारण लेखपढ, सवारी चालक अनुमतिपत्र प्राप्त भएको।

कार्यालय सहयोगीको लागि:- साधारण लेखपढ।

४) उमेर:- दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पूरा भइ ३५ वर्ष ननाघेको हुनुपर्नेछ। महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ।

५) दरखास्त दिने अन्तिम मिति:- २०७९/०५/१५ गते कार्यालय समय भित्र तथा उक्त दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट सम्म दरखास्त दिन सकिनेछ।

६) दरखास्त दस्तुर सम्बन्धी व्यवस्था:- गाउँपालिकाको राजश्व शाखामा आम्दानी रसिद काटि नगद जम्मा गरेको सक्कल रसिद पेश गर्नुपर्ने ।

७) परीक्षाको किसिम:- संक्षिप्त सूची, प्रयोगात्मक तथा अन्तर्वार्ता।

८) परीक्षाको मिति, समय र स्थान:- दरखास्त पेश गर्ने अन्तिम मितिबाट ७(सात) दिन भित्र संक्षिप्त सूची प्रकाशन गरिनेछ तथा अन्तर्वार्ता हुने मिति, समय र स्थान सोहि दिन तोकिनेछ।

९) दरखास्त पेश गर्ने स्थान:- बकैया गाउँ कार्यपालिकाको कार्यालय, हात्तीसुँडे, मकवानपुर।

१०) करार अवधि:- मिति २०७९ पौष मसान्त सम्म(आवश्यकता अनुसार गाउँ कार्यपालिकाले सेवा करार अवधि थप गर्न सक्नेछ)।

११) कार्यविवरण:- गाउँ कार्यपालिकाको कार्यालयले तोके बमोजिम हुनेछ।

२०७९/०५/०१

महेश श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

नोट: थप जानकारीको लागि प्रशासन शाखा प्रमुख मिलन दुलाल को सम्पर्क नं. ९८५५०७३५३३ मा सम्पर्क गर्नुहुन।

Scanned with CamScanner